# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चोयगाँ, गुल्मी

प्रदेश नं. ५, नेपाल

फोन नं.-९८५७०६७९०८
ईमेल:chhatrakot90@gmail.com


प.स. ०७५/७६
च. नं. ६६४

मितिः २०७५।१२।०१

**विषयः बेरोजगार व्यक्तिको विवरण संकलन गर्ने सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरु सबै ।**

प्रस्तुत विषयमा रोजगारको हक सम्बन्धी ऐन २०७५ र प्रधानमन्त्री स्वरोजगार कार्य संचालन निर्देशिका २०७५ अनुसार बेरोजगार व्यक्तिको रुपमा सूचीकृत भई न्युनतम रोजगार कार्यक्रममा संलग्न हुन इच्छुक उम्मेद्वारहरुको लगत संकलन गर्ने प्रयोजनार्थ प्रयोग हुने निवेदन ढाँचा यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । ईच्छुक व्यक्तिहरुलाई उक्त फाराम भर्न लगाई संकलित अभिलेख मिति २०७५ चैत्र मसान्त सम्म यस कार्यालयको रोजगार सेवा केन्द्रमा उपलब्ध गराइदिनुहुन जानकारी गराइन्छ ।

२०७५।१२।०१
.................................
मधुकृष्ण पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# प्रधानमन्त्री रोजगार कार्यक्रमको

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७६।७७ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७५ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ ।

(निवेदनको ढाँचा अर्को पेजमा पनि उपलब्ध छ ।)

**अनुसूची १**

**(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)**

## बेरोजगार दर्ताका लागि दिने निवेदन

**श्री .....नं. वडा कार्यालय,** **मिति :**

**.................. गाउँपालिका/नगरपालिका, जिल्ला.............**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहद्वारा संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन ईच्छुक भएकोले देहाय बमोजिमको विवरण सहित रोजगारी पाउनको लागि अनुरोध गर्दै यो निवेदन पेश गरेको छु ।

१. नाम, थर :

२. स्थायी ठेगाना :..............................न.पा./गा.पा. वडा नं.............................

३. अस्थायी ठेगाना : ............................ न.पा./गा.पा. वडा नं.............................

४. नागरिकता नं./राष्ट्रिय परिचयपत्र नं. र जारी भएको जिल्ला .....................................

५. परिवारको सदस्य संख्या र रोजगारीको अवस्था (निवेदक सहित)

| नाम | निवेदकसँगको नाता | जन्म मिति | योग्यता | सीप | रोजगारीको अवस्था | कार्य अनुभव |
|---|---|---|---|---|---|---|
| | (निवेदक) | | | | | |
| | | | | | | |
| | | | | | | |

६. वार्षिक पारिवारिक आय : रु.................... (अक्षरेपी ............................)

७. शैक्षिक योग्यता :

८. आफूले हासिल गरेको सीप/तालीमको विवरण :

९. कामको अनुभव : ..................................................

१०. काम गर्न चाहेको क्षेत्र : ....................... (वन, कृषि, निर्माण, अन्य .......)

११. काममा खटिन चाहेको सम्भावित समय ..................देखि.................... सम्म

१२. काम गर्न चाहेको ठाउँ .............................................

उपरोक्त बमोजिमको विवरण साँचो हो, झुठा ठहरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउला भनी सहिछाप गर्ने ।

निवेदकको सही मिति :